REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date:26.04.2025

---

DC in Lachung

मंगनका जिल्लाधीश अनन्त जैनले लाचुङको भ्रमण गर्दै यस तर्फको सड़क मार्ग खुल्ला गर्ने कार्य प्रगतिको जायजा लिनुभयो। यस अवसरमा अन्यबाहेक चुङथाङका महकुमा अधिकारी हुनुहुन्थ्यो। यसैक्रममा लाचुङमा थुनिएका पर्यटकहरूसितको कुराकानीमा जिल्लाधीश श्री जैनले भन्नुभयो..........

यसैबीच, चुङथाङ-लाचुङबीच छह ठाउमा अवरूद्ध सड़क मार्गलाई वाहनको आवागमनका निम्ति खुल्ला गरिएको छ। यसका साथै लाचुङमा थुनिएका लगभग बाह्र सयजना पर्यटकहरूलाई सुरक्षित साथ गान्तोक पठाइयो।

जिल्लाधीशको नेतृत्वमा रहेको टोलीले मार्ग सुचारू गर्नका साथै पर्यटकहरूलाई सुरक्षित साथ निकाल्ने प्रयासको सुनिश्चित गर्न कार्य प्रगतिको निगरानी गरिरहेछ। विभिन्न स्थानमा सड़क मार्गको पुनर्बहालका निम्ति सीमा सड़क संगठन, AK Builders र टिस्टा उर्जाका मसिनहरू खटाइएको छ।

मार्ग पुनर्बहालको प्रयासमा लाचुङ जोमसाका पिपोन, पुलिस कर्मी, सिक्किम ट्राभल संगठन, वन विभाग र लाचुङ होटल संगठनले पूर्ण रूपमा सहयोग प्रदान गरिरहेछन्।

चुङथाङका महकुमा अधिकारी अरूण छेत्रीले आकाशवाणी गान्तोकलाई दिनुभएको जानकारीअनुसार दोस्रो चरणमा लाचुङबाट पर्यटकहरूलाई गान्तोकतर्फ पठाउने कार्य भोली बिहान गरिनेछ।

--------------------------------------X--------------------------------------

Central Minister Meets Governor

केन्द्रिय विद्युत, आवास तथा शहरी कार्य मन्त्री मनोहर लाल खट्टरले आज राजभवनमा राज्यपाल ओम प्रकाश माथुरसित भेट गर्नुभयो। सिक्किमको आधिकारिक भ्रमणमा रहनुभएका केन्द्रिय मन्त्रीलाई राज्यपालले राजभवनमा स्वागत गर्नुभयो।

बैठकमा दुई नेताबीच विशेषगरी 2023-मा आएको विनाशकारी बाढ़ीका कारण जलविद्युत परियोजनामा भएको क्षतिबारे चर्चा भयो। बाढ़ीले जलविद्युत परियोजनालाई गम्भीर रूपले प्रभावित बनायो, जसबाट राज्यको ऊर्जा आपूर्ति बाधित हुनका साथै आधारभूत पूर्वाधारमा पनि धेरै क्षति पुग्यो।

श्री माथुरले सिक्किमको जलविद्युत क्षमतालाई आत्मनिर्भरता र आर्थिक विकासको आधार बताउनुभयो। श्री खट्टरले पनि जलविद्युत परियोजनामाथि पुगेको क्षति र यसको पुनरुद्धारप्रति केन्द्र सरकारको प्रतिबद्धता दोहोऱ्याउनुभयो।

यसअतिरिक्त, उहाँहरूबीच शहरी विकाससित सम्बन्धित परियोजनामाथि पनि विस्तृत चर्चा भयो। सत्ताइस अप्रेलसम्म सिक्किम भ्रमणका निम्ति हिजो राज्य आइपुग्नुभएका केन्द्रिय मन्त्रीले यसअवधि अन्य महत्त्वपूर्ण परियोजनाहरूको निरीक्षण गर्नुहुनेछ।

--------------------------------------X--------------------------------------

Special Programme for Administrators

मुख्यमन्त्री प्रेमसिंह तामाङ चिन्तन भवनमा तनावमुक्त र सफल प्रशासनका लागि ध्यान-माथि आयोजित प्रशासकहरूको विशेष कार्यक्रममा सहभागी बन्नुभयो।

ब्रह्मा कुमारिस गान्तोक सिक्किम र माउन्ट अबु राजस्थानको प्रशासक सेवा शाखा-द्वारा आयोजित कार्यक्रमको विषय थियो विश्वको एकता र विश्वासका लागि ध्यान। यसको उद्देश्य आत्मविश्वास जगाउनु, आपसी समझदारी बढ़ाउनु र ध्यानको परिवर्तनकारी शक्तिमार्फत विश्वव्यापी सद्भावलाई प्रेरित गर्नु हो।

यस अवसरमा महिला, बाल, वरिष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभाग मन्त्री सामडुप लेप्चा पनि उपस्थित हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

Motorcycle Ride

विधायक मदन सिञ्चुरीले आज राज्य स्थापनाको ५०औँ वर्षगाँठको अवसरमा जोरथाङ नजिक नयाँ बजारमा राज्य स्थापना समारोह मोटरसाइकल Ride-को औपचारिक उदघाटन गर्नुभयो। दुई दिने Ride-को आयोजना सिक्किम क्रान्तिकारी मोर्चाको सोरेङ पर्यटन शाखा र एउटा कम्पनीले सोरेङ जिल्ला प्रशासन र पर्यटन सूचना केन्द्रसितको सहयोगमा गरेको हो।

यस ride-मा भारत भरिबाट विभिन्न आयुवर्गका दुई सय पचासजना rider-हरूले सहभागिता जनाइरहेछन्।

---------------------------------------X---------------------------------------

TSD Rally

यसैक्रममा, सूचना एवं जमसम्पर्क विभागसित मिलेर एउटा मिडिया हाउस र Service to Mankind नामक संगठनले आयोजना गरेको चार दिवसीय Mountain Rush TSD Rally-को आज समापन भयो। राज्यको पूर्ण भौगोलिक र सांस्कृतिक विविधतालाई दर्शाउने यो Rally आज गान्तोक जिल्लाको अदमपुलमा समाप्त भयो।

राज्य गठनको पचासौं वर्षगँठको एक भागको रूपमा आयोजित र्‍याली सिक्किमको समृद्ध सांस्कृतिक आधार र जीवन्त जिल्लाहरूमा प्रतीकात्मक यात्रा पनि हो।

---------------------------------------X---------------------------------------

World Veterinary Day

केन्द्रिय मत्स्य पशुपालन तथा डेयरी राज्य मन्त्री सत्यपाल सिंह बाघेलले भन्नुभयो, सरकारले देशमा गाईको संख्या बढ़ाउन कृत्रिम गर्भाधानलाई प्राथमिकता दिइरहेछ, ताकि दुग्ध आधारित उत्पादको माग पूरा हुनसकोस्। उहाँले भन्नुभयो, भारतले दुग्ध क्षेत्रमा शीर्ष स्थान राख्दछ।

आज विश्व पशुचिकित्सा दिवसको अवसरमा नयाँ दिल्लीमा आयोजित राष्ट्रिय कार्यशालालाई सम्बोधन गर्दै उहाँले यो कुरा बताउनुभयो। यो दिवस प्रत्येक वर्ष अप्रेल महिनाको अन्तिम शनिवार पालन गरिन्छ।

---------------------------------------X---------------------------------------

Cleanliness Drive

भवन एवं आवास तथा श्रम विभाग मन्त्री भीमहाङ सुब्बा वर्षा हुनअघि नाली सफा गरौं कार्यक्रम तथा सफाई अभियानमा सहभागी बन्नुभयो। यस अभियानको आयोजना वन विभागले पेलिङ पर्यटन विकास संगठन र सिङयाङ चुम्बुङ ग्राम पञ्चायत एकाईसितको सहकार्यमा गरेको हो।

पेलिङदेखि अप्पर पेलिङसम्म सम्पन्न सफाई अभियानमा गेजिङका जिल्लाधीश तेञ्जीङ डेञ्जोङपा पनि सामेल हुनुभयो।

---------------------------------------X---------------------------------------

Karate Championship

राज्य कराँते च्याम्पियनशीप २०२५-को एक्काइसौं प्रकरण पाल्जोर स्टेडियमस्थित इन्डोर जिमनाजियम हलमा आजबाट शुरू भयो। ताथाङचेनकी पार्षद पेमा लह्मु लामठाले दुई दिवसीय प्रतियोगिता शुरू भएको घोषणा गर्नुभयो। सिक्किम राज्य कराँते-डो संगठनद्वारा आयोजित प्रतियोगितामा राज्यको छहवटै जिल्लाका चार सयभन्दा अधिक प्रतिभागीले सहभागिता जनाइरहेछन्।

---------------------------------------X---------------------------------------